*श्री नयां गोरख गण चोहर्वा ब्यारेक सिरहा*
*सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना*
*सूचना नं. ०२ (प्रथम पटक प्रकाशित मिति २०७५/१२/२१ गते ।)*

१. श्री नयां गोरख गण चोहर्वा ब्यारेक, सिरहामा भएको सि.ओ.बंगला पछाडी पट्टीको ट्वाईलेट, बाथरुम र कार्यालय भवनको रंग रोगन, फलसिलिङ्ग, २ वटा शैचालयहरुको मर्मत सम्भार तथा अफिस अगाडीको लाईट मोर्टर ग्यारेज र जवान स्नान घरहरुको सिलबन्दी दरभाउपत्रको माध्यमबाट मर्मत संभार गरी स्तरोन्नती गर्नु पर्ने भएकोले ईच्छुक फर्म/संस्था/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हानको सार्वजनिक सूचना प्रकाशि गरिएको छ ।

| सि.नं. | स्तरोन्नती गर्नुपर्ने भौतिक पूर्वाधारको विवरण | लागत स्टीमेट रकम मु.अ.कर बाहेक | दरभाउपत्र जमानत रकम |
|---|---|---|---|
| १ | सि.ओ.बंगला पछाडी पट्टीको ट्वाईलेट, बाथरुम र कार्यालय भवनको रंग रोगन, फलसिलिङ्ग तथा २ वटा शैचालयहरुको मर्मत सम्भार गरी स्तरोन्नती गर्नु पर्ने | ४,४०,८००।०० | १३,२२४।०० |
| २ | जवान स्नान घर २ वटा मर्मत सम्भार गरी स्तरोन्नती गर्नु पर्ने | ४,३७,३३४।०० | १३,१२०।०० |
| ३ | अफिस अगाडी लाईट मोटर ग्यारेज मर्मत सम्भार गरी स्तरोन्नती गर्नु पर्ने | ४,४०,१९६।०० | १३,२०५।०० |
| | जम्मा रकम रु. | १३,१८,३३०।०० | ३९,५४९।०० |

२. **दरभाउपत्र खरिदकर्ताले लिखित निवेदन सहित निम्नानुसारको कागजातको प्रतिलिपि पेश गरेर मात्र दरभाउपत्र खरिद गर्न सक्नेछ:**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
(ख) फर्म/संस्था/कम्पनीदर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
(ग) मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. **दरभाउ पत्रदाताहरुले दरभाउपत्र पेश गर्दा दरभाउ पत्रसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजताहरु ।**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
(ख) फर्म/संस्था/कम्पनीदर्ताको प्रमाण पत्रको प्रतिलिपि ।
(ग) मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा नम्बर (प्यान) दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
(घ) आ.व.०७४/०७५ को आन्तरिक राजश्व विभागबाट प्राप्त कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।
(ङ) दरभाउ दाताले निर्माण कार्यमा भाग लिन अयोग्य नभएको, आफ्नो स्वार्थ नबाफिको र सम्बन्धित पेशा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा पत्र ।
(च) संयुक्त रुपमा काम गर्न चाहने दरभाउपत्र दाताले संयुक्त उपक्रम सम्बन्धी सम्फौता बनाई पेश गर्नुपर्ने छ । संयुक्त उपक्रममा काम गर्ने दरभाउ पत्र दाताले सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८ को उपनियम (१), (२), (६) र (७) मा तोकिएको शर्त तथा दायित्व वहन गर्नुपर्ने भएकोले संयुक्त रुपमा कामगर्ने दरभाउपत्र दाताले संयुक्त उपक्रम रहने मुख्य साफेदारको हिस्सा र अन्य साफेदारको न्युनतम हिस्सा (योग्यता) खुलाई दरभाउ पत्र साथ पेश गनुपर्ने छ ।
(छ) दरभाउ पत्र दाताले रु.३९,५४९।०० (उनान्चालिस हजार पांच सय उनान्पचास रुपैया) बराबरको रकम श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहाले राष्ट्रिय बाणिज्य बैंक सिरहामा खोलेको धरौटी खाता नं.२१३०२०३००००००० मा नगद जम्मा गरेको सक्कलै भौचर वा सो बराबरको रकमको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" बर्गको बाणिज्य बैंकबाट यस गणको नाममा जारी भएको दरभाउ पत्र जमानत (बैंक गारेन्टी) पेश गर्नुपर्नेछ । उक्त जमानतको मान्य अवधि दरभाउपत्र पेश गर्न तोकिएको अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको हुनु पर्नेछ ।

४. **दरभाउपत्रदताले पालना गर्नुपर्ने शर्तहरु**

(क) सम्बन्धित व्यक्तिफर्म/कम्पनी/संस्था आफैले खरिद गरेको दरभाउ सम्बन्धी कागजात पुर्ण रुपमा भरी पेश गर्नुपर्नेछ ।
(ख) दरभाउ पत्रदाताले दरभाउ फाराममा कबूल दररेट भर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर अंक र अक्षरमा केरमेट नगरी प्रष्ट रुपमा भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
(ग) साथै दरभाउपत्र सम्बन्धी कारवाही सार्वजनीक खरिद एने २०६३ (संसोधन सहित) र ऐ. नियमावली २०६४ (संसोधन सहित) अनुसार हुने छ ।

५. **दरभाउपत्रदाताले ध्यान दिनुपर्ने कुराहरु**

(क) दरभाउपत्र फाराम यस गणबाट सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन अर्थात २०७५/०१/०५ गतेको कार्यालय समय भित्र यस गण हे.क्वा. लगायत जिल्ला प्रशासन कार्यालय सिरहा र कोष तथा लेखा नियन्त्रक कार्यालय सिरहामा लिखित निवेदन दिई प्रति दरभाउपत्र फाराम दस्तुर रु.१०००।०० (एक हजार रुपैया) पछि फिर्ता नहुने गरी खरिद गर्न सकिन्छ । बिक्रि भएका दरभाउपत्रहरु मिति २०७५/०१/०६ गतेको १२०० बजेसम्म वा सो भन्दा अगावै (बिदाको दिन बाहेक) कार्यालय खुलेको जुनसुकै दिन यस गणमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता भएको दरभाउपत्रहरु मिति २०७५/०१/०६ गतेको १३०० बजे खोल्ने कार्यको लागि उपस्थित प्रतिनिधि, दरभाउ पत्रदाता वा निजले अख्तियार गरेको प्रतिनिधिहरुको रोहवरमा यस गण हे.क्वा.चोहर्वा ब्यारेक सिरहामा खोलिनेछ ।

६. थप जानकारीको लागी यस कार्यालयको फोन नं.०३३-४०१०८९ मा सम्पर्क गर्न सकिनेछ, साथै यो सूचना नेपाली सेनाको Website www.nepalarmy.mil.np मा समेत हेर्न सकिने छ ।

(गणेश सिंह भण्डारी)
प्रमुख सेनानी
गणपति